जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २१, २०८२ पुस ३ गते विहीबार, 18 Dec 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

अस्तव्यस्त हेटौंडा खै अदालतको फैसला



○सरिता दाहाल

मकवानपुर । हेटौंडा उपमहानगर पालिकाको बजार क्षेत्रका राजमार्ग क्षेत्रका सडक २५ गज सडक विस्तार विरूद्ध सर्वोच्च अदालतमा दायर रिट बुधबार सुनुवाइ भएन ।

सर्वोच्चको फैसला कुरेर केही आशा पालेर बसेकाहरू फेरी कतिञ्जेल कुर्नुपर्ने बिलखबन्दमा परे । न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र सुनिलकुमार पोखरेलको संयुक्त इजलासमा उक्त मुद्दाको पेशी तोकिएको भए पनि 'हेर्न नमिल्ने' सूचीमा राखिएपछि सडकको शुभ समाचार प्रतिक्षा गरिरहेकाहरूमा थप पीडा भएको सरोकारवालाहरूले बताएका छन् ।

रास्वपा नेतृ एवम् पूर्व सांसद विन्दवासिनी कंसाकारसमेतले दायर गरेको उक्त रिट सर्वोच्चको इजलास नम्बर ६ को 'च' मा सुनुवाइका लागि पेशी तोकिएको थियो । तर, उक्त इजलासले उक्त मुद्दा हेर्न नमिल्ने भएपछि तोकिएको सुनुवाइ रोकिएको हो । अब उक्त सुनुवाइ कहिले हुने भन्नेमा समेत दुइगो छैन ।

डिभिजन सडक कार्यालय हेटौंडाले हेटौंडा बजार क्षेत्रमा सडक सीमा २५/२५ गज (२२.५ मिटर) भित्रका संरचना हटाएर सडक विस्तार गर्न ५ मंसिरमा १५ दिनको समय सिमा तोकी सूचना प्रकाशित गरेपछि कंसाकारलगायतले गत १६ मंसिर गते सर्वोच्चमा रिट दर्ता गराएका थिए । निवेदकहरूले व्यक्तिगत सम्पत्तिमा हस्तक्षेप भएको र प्रक्रिया नपुर्‍याई संरचना हटाउन खोजिएको भन्दै मुद्दा दायर गरेका थिए ।

डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय मकवानपुर, सडक विभाग, सहरी विकास मन्त्रालय तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई विपक्षी बनाएर दायर रिट माथि १९ मंसिरमा न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले निवेदकको माग बमोजिम तत्कालका लागि संरचना नहटाउन र यथास्थितिमा राख्न विपक्षीका नाममा 'अल्पकालीन अन्तरिम आदेश' जारी गरेको थियो ।

अदालतले २६ मंसिरमा दुबै पक्षलाई छलफल गर्न बोलाइएकोमा न्यायाधीश कुमार रेञ्मी र महेश शर्मा पौडेलको इजलासले उक्त मुद्दासँग सम्बन्धित मिसिल झिकाउने आदेश गरेको थियो । सोही आदेशानुसार २ पुस ३ का लागि पेशी तोकिएको थियो ।

अस्तव्यस्त बजार क्षेत्र

हेटौंडा बजार क्षेत्र अहिले अस्तव्यस्त र असुरक्षित बन्दै गएको छ । सडक फराकिलो बनाउने क्रममा भत्काइएका संरचना र स्क्यार्बको व्यवस्थापन नहुँदा दिन प्रतिदिन दुर्घटनाको जोखिम समेत बढिरहेको छ ।

भत्काइएका संरचनाका ढुंगा, इँटा तथा रडका टुक्राहरु सडक तथा पेटीहरुमा छरिएका छन्, जसले पैदल यात्रीदेखि सवारी चालकसम्मलाई दैनिक सास्ती खेप्नुपरेको छ । सडक विस्तार का लागि भन्दै सडक डिभिजन कार्यालयले गत मङ्सिर २० मा हेटौंडाको महेन्द्र राजमार्गको रातोमाटेदेखि राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि चौकीटोल ओरालोसम्मका ५३१ वटा संरचना भत्काएको थियो ।

आंशिक रूपमा भत्काएर बिजोक पारी छाडिएका घरहरू भन्ने दुर्घटनाका कारण बनिरहेका छन् ।

संरचनाहरूको टप, सटर, ज्याल, ढोका र भित्ताहरुमा जेसीबी प्रयोग गरेर बरू नमिल्ने बनाइएको छ । जेसीवी प्रयोग गरेर संरचना भत्काएपछि २१ मंसिरबाट काम बन्द गरेको थियो । सर्वोच्च अदालतको रुट अर्डरका कारण काम अघि बढाउन नमिल्ने भन्दै प्रशासनले काम रोकेपछि हाल सडक विस्तार कार्य अन्योलमा देखिएको छ ।

एकातर्फ अदालतमा मुद्दाको पेशी सर्दै गएको छ भने अर्कोतर्फ असुरक्षित संरचना व्यवस्थापनमा कसैको ध्यान पुग्न सकेको छैन । सम्बन्धित घरधनीहरु आफू पीडित भएको भन्दै मुआब्जाको मागलाई प्राथमिकतामा राखेर आन्दोलनमा रहेका छन् ।

अदालतमा मुद्दा लम्बिँदै गर्दा सडक कार्यालय, प्रशासन कार्यालय र हेटौंडा उपमहानगरपालिका भने 'पर्ख र हेर'को नीतिमा छन् । भत्किएका संरचनाहरुको व्यवस्थापनमा केही घरधनीले काम गरेका छन् तर अदालतको मुद्दाको कारण प्रशासनले नै त्यता चासो दिएको छ ।

अहिले तिनै भत्किएका र धराप बनेका घरका कोठाहरुमा व्यवसायीहरुले जोखिमपूर्ण रुपमा व्यापार सञ्चालन गरिरहेका छन् । अझ कतिपय स्थानमा त भत्किएको संरचनाभन्दा अगाडि बढेर सडक पेटी (फुटपाथ) नै कब्जा गरी सामान राखिएको छ ।

बजारका मुख्य चोक र आसपासका क्षेत्रमा सडक पेटी व्यवसायीको कब्जाले गर्दा सर्वसाधारण मुख्य सडकबाटै हिँड्न बाध्य छन् । अव्यवस्थित सडक र फुटपाथ अतिक्रमणको सीधा असर ट्राफिक व्यवस्थापनमा परेको छ । हेटौंडाको बुद्ध चोक, सीमा चोक र मेनरोड क्षेत्रमा घण्टौं सवारी जाम हुने गरेको छ ।

संरचना हटाउँदा ५ जना मजदुर घाइते

सडक विस्तारको लागि भत्काइएका घर अहिले अधकल्चो अवस्थामा रहेका छन । भत्काइएका संरचनाका ढुंगा, इट्टा तथा रडका टुक्रा र सीसाका टुक्रा सडक तथा पेटीहरूमा छरिएका छन् । जसले पैदलयात्रीदेखि सवारीले समेत दैनिक सास्ती खेप्नु परेको छ ।

हेटौंडा उपमहानगरपालिका क्षेत्रमा सडक विस्तारका लागि घर भत्काउने क्रममा दुर्घटना बढ्न थालेको छ । हेटौंडा १ स्थित पिपलबोट र उद्योग वाणिज्य संघ आसपासको क्षेत्रमा पछिल्लो ४ दिनमा भएका अलग ३ वटा घटनामा परी ५ जना मजदुर घाइते भएका छन् ।

जोखिम हटाउन निरन्तर समन्वयमा छौं प्रशासन

सडक विस्तारका क्रममा भत्किएका संरचना र सडक पेटीमा थुप्रिएका सामग्री व्यवस्थापनका लागि प्रशासनले आवश्यक समन्वय गरिरहेको बताएको छ ।

सडक विस्तारको काम अघि बढे पनि भत्किएका घरटहराका भग्नावशेष (स्क्यार्ब) व्यवस्थापन हुन नसक्दा सिर्जना भएको अन्योल र जोखिमलाई मूल्याङ्कन गरेर व्यवस्थापनका लागि सरोकारवाला निकायहरुसँग निरन्तर छलफल भइरहेको प्रशासनले जनाएको हो ।

सडक विस्तार र स्तरोन्नतिको मुख्य जिम्मेवारी सडक डिभिजन कार्यालयको भए पनि प्रशासनले सुरक्षा र सहजीकरणको भूमिका खेलिरहेको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले बताए ।

भत्किएका संरचनाको व्यवस्थापन गर्ने पहिलो दायित्व सम्बन्धित घरधनी र व्यवसायीको नै भएको बताए ।

सडक पेटीमै जीर्ण अवस्थामा रहेका घरहरुमा समेत पसल सञ्चालन भइरहेकाले सुरक्षा चुनौती बढाएको र सम्भावित दुर्घटना रोक्न प्रशासन सचेत रहेको उनले बताए । हाम्रो भूमिका आवश्यक समन्वय, सहजीकरण र सुरक्षा प्रदान गर्ने हो,' जोशीले भने, 'अहिले पनि सडक डिभिजन कार्यालय, हेटौंडा उपमहानगरपालिका, उद्योग वाणिज्य संघ

पेज ४ मा


वाह ! रैथाने बाली



एकातिर काम गर्ने काम गर्ने जनशक्तिको उपलब्धतामा समस्या अर्कोतिर नयाँ प्रजातिको बालीमा लगानी बढी भएपछि जग्गा नै बाँझो राख्न थालेका स्थानीयहरु पनि अहिले रैथाने बालीमा आकर्षित भएका हुन् ।

पेज ३ मा

नेपालबाट कतारलाई हात्ती उपहार



'आफूले पालेका जनावर उपहार दिँदा मुटु टुक्रिएजस्तो भएको छ, छोरी अन्माएजस्तै भयो' दुवैको नयाँ घरको बास सुखद बनोस् र सन्तान वृद्धि होस् भनेर शुभकामना दिए ।

पेज ४ मा

दाम्पत्य जीवनको उदाहरणीय जोडी



"हामी दुबै बच्चा जस्ता थियौ, के गर्ने, के निर्णय लिनै सक्दैनथ्यौ, आर्थिक समस्या भएपछि उहाँ साउदी जानुभयो, ऋण गरेर श्रीमानलाई बाहिर पठाउनु भएपछि, झन् समस्या भयो ।

पेज ५ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

न्याय किन ढिलो

एक साताअघि मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा आमाछोरीमाथि भएको बलात्कारको घटना सार्वजनिक भएको छ । छिमेकी ३ पुरूषहरूले किशोरी छोरी र आमाको बलत्कार गरेको घटनाले फेरी एकपटक सामाजिक रूपको उदाङ्गो भएको छ । यसो त महिला हिंसाका घटनाहरु दिनहुँ सार्वजनिक भइरहेका छन् । बलात्कार, घरेलु हिंसा, दाइजो, यौन दुर्व्यवहार, अनलाइन हैरानीदेखि हत्यासम्मका घटनाले समाजलाई झस्काइरहेका छन् । दु:खद पक्ष के भने, महिला हिंसा नियन्त्रणका लागि नेपालमा कानूनको अभाव छैन । संविधानदेखि विशेष ऐन कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता हुँदाहुँदै पनि पीडितहरूले समयमै न्याय पाउन नसक्नु गम्भीर प्रश्न बनेको छ ।

नेपालको संविधानले महिलालाई समान अधिकारको प्रत्याभूति दिएको छ । घरेलु हिंसा कसुर तथा सजाय ऐन, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, बलात्कार सम्बन्धी कानूनी व्यवस्था, कार्यस्थलमा हुने यौन दुर्व्यवहारसम्बन्धी कानूनहरु सबै कागजमा सिमित छ । तर व्यवहारमा पुग्दा यी कानूनहरु पीडितका लागि संरक्षणभन्दा प्रक्रियाको बोझ बनेका छन् । न्याय ढिलो हुनुको पहिलो कारण कमजोर कार्यान्वयन हो । प्रहरीमा उजुरी दर्तादेखि अनुसन्धानसम्म ढिलासुस्ती, मिलापत्रको दबाब, सामाजिक प्रतिष्ठाको डर देखाएर मुद्दा अगाडि नबढाउने प्रवृत्ति अझै विद्यमान छ । कतिपय घटनामा प्रभावशाली व्यक्तिको संरक्षणले अपराधी खुलेआम हिड्ने र पीडित न्यायको ढोका कुर्दै बस्नुपरेको छ ।

न्यायिक प्रक्रिया पीडित मैत्री छैन । बयान दिने क्रममा पीडितलाई नै दोषीझैं प्रश्न गर्नेगरिएको गुनासो पीडितहरूले गर्दै आएका छन् । अदालतसम्म पुग्दा लामो म्याद, खर्चिलो प्रक्रिया र सामाजिक दबाबले न्यायको लडाइँ छाड्न बाध्य छन् । न्याय पाउनुभन्दा अपमान सहनु कठिन हुने अवस्था राज्यको असफलता हो । कानुन कार्यन्वयन होस्, कार्यान्वयनमा ढीलाइन नहोस् ।

मानव अधिकार साझा समस्या

विश्वनाथ खरेल

मानव अधिकारले हरेकलाई सम्मानपूर्वक बाँच्न, स्वतन्त्रता प्राप्ति, समानता र न्याय अनुभव गर्ने अवसर प्रदान गर्छ । संयुक्त राष्ट्रसंघको विश्वव्यापी मानव अधिकार घोषणापत्र १९४८ ले मानव अधिकारलाई विश्वव्यापी रुपमा परिभाषित गरेको छ । यसमा जीवन अधिकार, स्वतन्त्रता अधिकार, अभिव्यक्ति स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत अधिकार समावेश छन् ।

नेपालजस्तो विकासशील तथा बहुसांस्कृतिक राष्ट्रमा मानव अधिकारको महत्व झनै बढी छ । विविध जाति, भाषा, धर्म र संस्कृतिका मानिस बसोबास गर्ने हुनाले नेपालको संविधान २०७२ ले पनि मानव अधिकारलाई मौलिक अधिकारका रुपमा स्थापित गरेको छ । जसअन्तर्गत ३१ मौलिक अधिकार पर्छन् ।

नेपालमा मानव अधिकारको इतिहास लामो संघर्षपछिको फल हो । राणाशासनको दमनकारी शासनदेखि २००७, २०३६, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलनदेखि जेनजी आन्दोलनसम्म आइपुग्दा मानव अधिकारका लागि ठूलो मूल्य चुकाइएको छ । आजको नेपालमा मानव अधिकारको अवस्था पूर्ण रुपमा सन्तोषजनक भने छैन । जुन राजनीतिक अस्थिरता, आर्थिक असमानता, सामाजिक कुरिति, लैंगिक विभेद, जातीय भेदभावजस्ता समस्याले मानव अधिकार उल्लंघन भइरहेका छन् । मानव अधिकारको महत्व बुझ्नुअघि यसको परिभाषा स्पष्ट गर्नु आवश्यक छ ।

मानवको अधिकार जन्मजात अधिकारलाई कुनै पनि सरकार वा संस्थाले खोस्न सक्दैन । यो अधिकारले व्यक्तिलाई राज्यको दमनबाट बचाउँछ र समाजमा समान अवसर प्रदान गर्दछ । मानव अधिकारले व्यक्तिलाई क्षमताअनुसार विकास गर्ने अवसर दिन्छ । अभिव्यक्ति स्वतन्त्रता, विचार स्वतन्त्रता र धर्म स्वतन्त्रताले व्यक्तिलाई मत राख्न, नयाँ विचार उत्पन्न गर्न र सांस्कृतिक पहिचान कायम राख्न मद्दत गर्दछ ।

नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताले लोकतन्त्रलाई मजबुत बनाएको छ । २०७२ सालको संविधानले धारा १७ मा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकार बनाएको छ । यसले पत्रकार, लेखक र नागरिक समाजलाई राज्यको नीतिको आलोचना गर्नसमेत छुट दिएको छ । यदि यो अधिकार नहुने हो भने नेपालमा झनै भ्रष्टाचार र अनियमितता बढ्ने थियो ।

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । यहाँ दलित, जनजाति, महिला, मधेशीजस्ता समुदायले सदियौंदेखि विभेद भोग्दै आएका छन् । मानव अधिकारले जातीय, लैंगिक र आर्थिक समानता सुनिश्चित गर्दछ । तसर्थ संविधानको धारा १८ मा समानताको अधिकारले सबैलाई कानुनको अगाडि समान बनाएको छ । यसले आरक्षण नीतिमार्फत पिछडिएका वर्गलाई अवसर प्रदान गरेको छ । लोकसेवा आयोगमा महिला, दलित र जनजातिका लागि आरक्षणले सामाजिक न्याय कायम गरेको छ । मानव अधिकारबिना यो सम्भव हुँदैनथ्यो ।

देशमा विद्यमान शिक्षा, स्वास्थ्य र रोजगारी अधिकारले आर्थिक विकासमा योगदान दिन्छ । नेपालमा गरिबी दर करिब १८.७ प्रतिशत छ । शिक्षा र स्वास्थ्य अधिकारले जनशक्तिलाई दक्ष बनाउँछ । संविधानको धारा ३१ मा शिक्षाको अधिकारले नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित गरेको छ । यसले बालबालिकाको भविष्य उज्ज्वल बनाउँछ । स्वास्थ्यको अधिकार (धारा ३५)ले कोभिड १९ महामारीमा खोप वितरणलाई प्राथमिकता दिएको उदाहरण हो । मानव अधिकारले आर्थिक असमानता घटाउँछ र दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग गर्दछ ।

मानव अधिकार उल्लंघनले द्वन्द्व निम्त्याउँछ । नेपालको १० वर्षे सशस्त्र द्वन्द्वमा करिब १७ हजार मानिस मारिएका थिए । जसको मुख्य कारण मानव अधिकार उल्लंघन थियो । शान्ति सम्झौताले मानव अधिकार केन्द्रमा राखेर संक्रमणकालीन न्याय व्यवस्था गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले द्वन्द्वपीडितलाई न्याय दिन प्रयास गरिरहेको छ । मानव अधिकारले राजनीतिक स्थिरता कायम राख्छ र विद्रोह रोक्न पहल गर्छ ।

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य हो र विभिन्न मानव अधिकार सन्धिमा हस्ताक्षरसमेत गरेको छ । यसले अन्तर्राष्ट्रिय सहयोग र लगानी आकर्षित गर्दछ । इयु र युएनले मानव अधिकार उल्लंघनमा नेपाललाई चेतावनी दिँदै आएका छन् । राम्रो मानव अधिकार रेकर्डले विदेशी सहायता बढाउँछ । मानव अधिकारको महत्व यति धेरै छ कि यसलाई नेपालको विकासको मेरुदण्ड भन्न सकिन्छ । तर, महत्व हुँदाहुँदै पनि नेपालमा यसको कार्यान्वयनमा गम्भीर समस्याहरु छन् । देशमा मानव अधिकार उल्लंघनका घटना बारम्बार हुन्छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन २०७९/८० अनुसार १२ सय ३४ उजुरी दर्ता भएका थिए । जसमध्ये ६० प्रतिशतभन्दा बढी राज्य पक्षबाट उल्लंघन थिए । साथै, राष्ट्रमा बारम्बार सरकार परिवर्तन भए । २०४६ सालपछि ३० भन्दा बढी सरकार बनेका छन् । यसले नीति कार्यान्वयनमा बाधा पुग्छ । जसरी द्वन्द्वकालीन अपराधमा दण्डहीनता कायम छ । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगले ६० हजारभन्दा बढी उजुरी लिए पनि न्याय दिन सकेका छैनन् ।

नेपालमा मात्र होइन, विश्वमै मानव अधिकारको महत्व अपार छ । यो लोकतन्त्र, विकास र शान्तिको आधार हो । तर राजनीतिक दण्डहीनता, लैंगिक हिंसा, जातीय भेदभावजस्ता समस्याले चुनौती थपिइरहेका छन् । सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायको सहकार्यले मात्र समाधान सम्भव छ । संविधानको भावना आत्मसात् गरी सबैले जिम्मेवारी निर्वाह गर्नुपर्छ ।

तत्कालीन माओवादी र सेनाका कमाण्डर अझै स्वतन्त्र छन् । यसले पीडितलाई निराश बनाउँछ ।

नेपालमा महिला हिंसा दर पनि उच्च छ । नेपाल प्रहरीको तथ्यांकअनुसार २०७९ सालमा १६ हजारभन्दा बढी बलात्कार र घरेलु हिंसाका मुद्दा दर्ता भए । यसमा पनि बोक्सी आरोप, दाइजो हिंसा, बालविवाह (३५ प्रतिशत बालिका १८ वर्षअघि विवाह)जस्ता कुरीति प्रचलित छन् । वस्तुत: संविधानले लैंगिक समानता भने पनि कार्यान्वयन कमजोर छ । ग्रामीण क्षेत्रमा महिला शिक्षा दर ५५ प्रतिशत मात्र छ ।

त्यस्तै, दलित समुदायले नै छुवाछुत भोग्छन् । एनएचआरसीका अनुसार छुवाछुतका २ सयभन्दा बढी मुद्दा वार्षिक दर्ता हुन्छन् । मधेशमा नागरिकता समस्या छ । जसमा ५० लाखभन्दा बढी मधेशीले नागरिकता पाएका छैनन् । यसरी जनजातिको भूमि अधिकार हनन हुन्छ । पहाड र तराईबीच विकास असमानता छ । बालश्रम पनि नेपालको ठूलो समस्या हो । आईएलओका अनुसार १.१ मिलियन बालबालिका श्रममा संलग्न छन् । शिक्षा अधिकार हुँदाहुँदै १५ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । बाल यौन दुरूपयोग र 'ट्राफिकिङ' बढ्दो छ । रोजगारी अभावले २० प्रतिशत युवा विदेश पलायन हुन्छन् । स्वास्थ्य सेवा ग्रामीण क्षेत्रमा अपर्याप्त छ ।

डब्लुएचओका अनुसार ६० प्रतिशत जनसंख्याले आधारभूत स्वास्थ्य सुविधा पाउँदैनन् । मुलुकमा कोभिडपछि बेरोजगारी १५ प्रतिशत पुगेको छ । २१औं शताब्दीमा आएर पनि पत्रकारमाथि आक्रमण हुन्छ । आर एसएफको सन् २०२३ 'इन्डेक्स'मा नेपाल ९५औं स्थानमा छ । साइबर कानुनले अभिव्यक्ति नियन्त्रण गर्छ । जबकी अदालतमा मुद्दा मालिलालाई लाखभन्दा बढी छ । देशव्यापी रुपमा भ्रष्टाचारले न्यायमा धेरै नै बाधा अड्चन पुऱ्याएको सम्बन्धित निकायको दावी छ ।

मानव अधिकार सुधारका लागि बहुआयामिक दृष्टिकोण आवश्यक छ । यी समस्याले नेपालको मानव अधिकार अवस्था कमजोर बनाएका छन् । मानव अधिकार सुझाव कार्यान्वयनका लागि पहिलो कानुनी सुधार र कार्यान्वयन आवश्यक छ । संविधानका मौलिक अधिकार प्रभावकारी बनाउन नयाँ कानुन बनाउनुपर्छ । संक्रमणकालीन न्याय विधेयक पारित गरी दण्डहीनता अन्त्य गर्नु पनि हो । यसमा एनएचआरसीलाई स्वतन्त्र र सशक्त बनाउनु समयको माग हो ।

दोस्रोमा शिक्षा र चेतना अभिवृद्धि बढाउनुपर्छ । यसबाट विद्यालयका पाठ्यक्रममा मानव अधिकार शिक्षा समावेश गर्नुपर्ने हुन्छ । एनजीओ र सरकारले ग्रामीण क्षेत्रमा शिविर सञ्चालन गर्नु आवश्यक छ । त्यस्तै, मिडियाले जागरण फैलाउनु पनि आवश्कयक छ । तेस्रोमा लैंगिक समानता प्रवर्धन हो । महिला हिंसाविरूद्ध कडा कानुन र 'फास्ट ट्रयाक' अदालत गठन आवश्यक छ । महिला सशक्तीकरण कार्यक्रम विस्तार गर्दै पुरूषलाई पनि यसमा संवेदनशील बनाउनुपर्ने हुन्छ ।

चौथो जातीय समावेशीकरणमा आरक्षण नीति प्रभावकारी बनाउनु एकातिर छ भने अर्कोतिर दलित र जनजातिका लागि विशेष कार्यक्रम सञ्चालन गर्नु उपर्युक्त हुन्छ । यसअलावा मधेशमा नागरिकता वितरण कार्यक्रमलाई पनि तीव्रता दिनुपर्ने हुन्छ । रोजगारी सिर्जना गर्न उद्योग र कृषि विकास, नि:शुल्क स्वास्थ्य र शिक्षा सुनिश्चित, युएन र इयुसँग सहकार्य, मानव अधिकार मापन सूचकांक सुधार, एनजीओ, मिडिया र नागरिकले दबाब दिनु, अनुगमन समिति गठन गरिबी निवारण कोष स्थापनालगायत छन् ।

राजधानी दैनिकबाट साभार

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ पुस ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रतिकुल हावापानीमा राम्रो उत्पादन भएपछि



रैथानेबालीमा आकर्षण

○सरिता दाहाल

मकवानपुर । स्थानीय हावापानीसंग वर्षौदेखि अनुकुलन हुँदै आएका रैथाने बालीहरू प्रतिकुल हावापानीमा पनि राम्रोसँग फस्टाउन थालेपछि मकवानपुरका स्थानीयहरू रैथानेबाली प्रति आकर्षण भएका छन् ।

एकातिर काम गर्ने काम गर्ने जनशक्तिको उपलब्धतामा समस्या अर्को तिर नयाँ प्रजातिको बालीमा लगानी बढी भएपछि जग्गा नै बाँझो राख्न थालेका स्थानीयहरू पनि अहिले रैथाने बालीमा आकर्षित भएका हुन् ।

कोदो, फापर, कालो तिल, जुनेलो जस्ता रैथाने बालीहरू वर्षौदेखि परिचित माटोमा सहजै उत्पादन हुन्छन्, जसको लागि अधिक मल तथा विषादी समेत प्रयोग गर्नुपर्दैन । वर्षा र सिंचाइको समस्या पनि धानजस्ता बालीको तुलनामा कमै हुने गर्दछ ।

"उत्पादन गर्न त सहजै थियो, बिक्रीमा समस्या हुने हुँदा लगाउन छोडेको थिएँ, अब बजार लैजाने पर्दैन, सहकारीहरूले घरैबाट उठाउने भएपछि गतसालबाट कोदो रोप्न थालेको हुँ" मकवानपुरगढी गाउँपालिका ९ का कमलबहादुर खड्काले भने । "यसवर्ष ४ रोपनी बारीमा कोदो र जुनेलो लगाएँ, बाली भित्र्याउने चटारो सकिएको छ । "राम्रै फलेको छ, बेच्न बाँकी छ" उनले भने ।

हावापानीको कारण बाली लगाउन र भित्र्याउन खास समस्या नभएको उनले बताए । विस्तारै सुरुताउँदै गएको रैथाने बालीप्रतिको आकर्षण फेरि फर्किएको छ । रैथाने बालीको खाद्य परिकार सामान्यदेखि तारे होटलमा समेत माग हुन थालेपछि यसको उत्पादनमा स्थानीय सरकारले पनि महत्व दिन थालेका छन् । मकवानपुर जिल्लाको मकवानपुरगढी, भिमफेदीलगायतका गाउँपालिकाहरूले रैथाने बाली प्रोत्साहन समेत भएपनि किसानहरूमा पनि जोश थपिएको हो । गाउँपालिकाहरूले रैथाने बालीको न्यूनतम समर्थन मूल्य समेत तोकेको छ । यसले गर्दा व्यापारको लागि समेत सहज भएको स्थानीय लक्ष्मी सञ्जेलले बताइन् ।

स्थानीय स्तरमा उत्पादन भएका रैथाने बालीहरू स्थानीय सहकारी मार्फत नै बिक्रीको प्रबन्ध मिलाइएको छ । स्थानीय सहकारीहरूसँग स्थानीय तहहरूले नै समन्वय गरिदिएपछि कृषकहरूलाई समेत बजारीकरणको लागि समस्या नभएको सञ्जेलले बताइन् ।

मकै लगायो बादरले छिप्पिने नदिने, फेरी राम्रो नफल्ने पनि, त्यसैले जग्गा बाँझै थियो, यसपाली कोदो फलाएँ" भिमफेदीका कान्छा लामाले भने "कोदोमा पनि जनावरले दु:ख त दिन्छ, तर उब्जाउ राम्रो हुने, व्यापारमा समस्या पनि नहुने भएपछि आँट गरेँ ।" उनी मात्रै हैन भिमफेदी ८ की सिता कार्कीले पनि भिरबारीभर जुनेलो फलाइन् । श्रीमान् विदेश जानु भएपछि बारी बाँझै थियो, यसपाली अलि मेहनत गरें राम्रै भयो" सिताले भनिन् "टिप्न नपाउँदै अर्डर आइसकेको थियो ।"

स्थानीय सरकारले रैथाने बाली विशेष गरी कोदो, फापर, जुनेलो, कन्दमुल, लहरे तरकारी खेतीलाई अनुदान दिएर प्रोत्साहन गरिएको हो । मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले ३ वर्ष अघि पहिलो पटक रैथाले बालीलाई अनुदान दिएर व्यापारको लागि समेत सहजिकरण गर को थियो । यसैको सिको गर्दै जिल्लाको भीमफेदी गाउँपालिकाले ३ वर्षदेखि रैथाने बालीलाई प्रोत्साहन गर्न थाल्यो ।

स्थानीयले उत्पादन गरेको रैथाने बालीलाई प्रर्वद्धन गर्न स्थानीय तहहरूले ग्रामिण सहकारी मार्फत संकलन र व्यापारको लागि सहजिकरण गरेपछि बाँझाबारीहरूमा जुनेलो, कोदो, फापर जस्ता रैथाले बालीले हराभरा देखिन थालेका हुन् ।

हाइब्रिड मकै खेती राम्रोसँग नफस्टाएपछि आजित भएका राघब हुमागाई पनि पछिल्लो ३ वर्षदेखि कोदो खेती तर्फ आकर्षित भएका छन् । स्थानीय सरकारले रैथाने बालीलाई प्रोत्साहन गर्ने र पुराने तरिकाले पुरानाबालीहरू लगाउन सकिने भएपछि उनी त्यसतर्फ आशावादी भएका हुन् । स्थानीय सरकारले स्थानीय हावा पानी र माटो सुहाउँदो अन्न तथा नगदे बालीलाई प्रोत्साहन गर्ने नीति लिएपछि किसानमा केही आशा बढेको भिमफेदी गाउँपालिका ५ की कान्छीमाया बजुले बताइन् ।

अघिल्लो कार्यकालका जनप्रतिनिधिहरूले तरकारी र फलफूलमा अनुदान दिएपछि मकवानपुर गढी गाउँपालिकाका कृषकहरू तरकारी खेतीतर्फ आकर्षित भएका थिए । अहिले स्थानीय रैथाने प्रजातिको बालीमा न्यूनतम समर्थन मुल्य तोक्दै अनुदानको समेत व्यवस्था गाउपालिकाहरूले गरेका छन् ।

मकवानपुरगढीले कोदो र फापरको ब्रान्डिङका साथसाथै बजारीकरण पनि गर्न थालेको छ । हेटौंडा उपमहानगरपालिकासँगै जोडिएको मकवानपुरगढी गाउपालिका ४ कालीखोलाका सुकुमबहादुर घलानले ७ वर्षअघिसम्म सात रोपनी जग्गामा कोदो रोप्थे । त्यहाँ उत्पादन भएको कोदासमेत बिक्री नभएर उनी आजित थिए । पहिले पहिले घरेलु मदिराको लागि अलिअलि व्यापार हुन्थ्यो, घरेलु मदिरा बिक्रिमा प्रहरी/प्रशासनले कडाइ गरेपछि त्यै पनि रोकियो ।

अनि उनले कोदो बाली लगाउने छाडेका थिए । स्थानीय सरकारले बजारको व्यवस्थासूगै समर्थन मूल्य तोकेकापछि घलानले गतवर्ष र यसवर्ष पनि २० रोपनी जग्गामा कोदो रोपेका थिए । उनी अहिले ढुक्क छन् । गाउँपालिकाले सहयोग गरेपछि जति उत्पादन भए पनि बिक्रीमा समस्या नआउने भएकोले उनलाइ कुनै चिन्ता पनि छैन ।

"घरमा रक्सी बनाएर प्रहरीको तारो बन्नु पर्दैन भनेर छोराहरूले गुनासो गरेपछि कोदो रोप्न छोडेको थिएँ, अब त्यसरी रक्सी बनाएर बेच्नु पर्ने हैन भनेर फेरी रोपेको हुँ, ढुक्क छ सहकारीले घरैबाट उठाउँछ" उनले भने "हाम्रो लागि यो आम्दानीको भरपर्दा बाटो बनेर आयो ।"

उनकी छिमेकी अम्बिका चौलागाईले पनि अहिले १० रोपनी जग्गामा कोदो रोपेकी थिन् । दुई वर्षअघिसम्म उनले दुई रोपनी जग्गामा मात्र कोदो रोपेकी थिइन् । कमल खड्का सुकुमबहादुर घलान र अम्बिका चौलागाईले मात्र होइन, मकवानपुर गढीका १, ३, ४, ७ र ८ नम्बर वडाका अधिकांश बासिन्दाले अहिले कोदो खेती गर्न थालेको गाउँपालिकाको तथ्याङ्कमा उल्लेख छ ।

कोदोको मूल्य पनि राम्रो र बिक्री गर्न पनि समस्या नभएकाले यो रोप्न थालेका उनीहरू बताउछन् । कोदो बिक्रीमा समस्या भएपछि उनीहरूले गाई वस्तुलाई घूसका रुपमा नल (कोदोको सुकेको बोट) खुवाउनका लागि कोदो खेती गरिन्थ्यो, अहिले कमाडको निम्ति यसको खेती गरिन थालेको छ ।

रैथाने बालीको उच्च आकर्षणपछि यसको व्यवस्थापनका लागि करिब ६ लाख रूपैयाँको बजेट प्रस्ताव गरिएको लम्सालले मकवानपुरगढी गाउँपालिकाका कृषिशाखा प्रमुख गोपाल लम्सालले बताए । यस वर्ष रैथाने बाली कार्यक्रम अन्तर्गत उपलब्ध १० लाख बजेटबाट २०० जना किसान लाभान्वित भएको उनले बताए ।

यस कार्यक्रम मार्फत यान्त्रीकरण प्रवर्द्धन, उन्नत बिउ(बिजन तथा कीट व्यवस्थापन, साना सिचाइ संरचना, गोदामघर निर्माण, खेती प्रविधि सम्बन्धी तालिम, सहकारीमार्फत बिक्री वितरण, प्याकेजिङ तथा ब्रान्डिङका कार्यहरु सञ्चालन गरिएको उनले बताए । "सहकारी संस्थामार्फत न्यूनतम समर्थन मूल्य निर्धारण गरी खरीद व्यवस्था लागू गरेपछि बालीको व्यावसायिक उत्पादन एवं बजार व्यवस्थापन प्रभावकारी रुपमा अघि बढ्दै गएको देखिन्छ" लम्सालले भने ।

मकवानपुरगढी गाउँपालिकाले ८ वटै वडामा उत्पादन हुन रैथाने बालीहरुको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ । गाउँपालिकाले चालु आव २०८२/८३ का लागि कृषि उपजहरुको मूल्य तोकेको हो । कोदो र धानको न्यूनतम समर्थन मूल्य प्रतिकेजी ६० रूपैयाँ, तिते फापरको ९० रूपैयाँ, मिठे फापरको १ सय ५ रूपैयाँ, जुनेलोको प्रतिकेजी ८४ रूपैयाँ तोकेको छ । यसैगरी सेतो सिमिको मूल्य १ सय २० रूपैयाँ, कालो सिमिको मूल्य प्रतिकेजी १ सय ३० रूपैयाँ निर्धारण गरिएको गाउँपालिकाले जनाएको छ ।

किसानद्वारा उत्पादित कोदो, फापर र जुनेलो स्थानीय सहकारीमा बिक्री गर्दा गाउपालिकाले कृषकलाई प्रतिकेजी ६ रूपैयाँ र सहकारीलाई बजारको व्यवस्थापन गर्न प्रतिकेजी ४ रूपैयाँ अनुदान दिने व्यवस्था गरेको छ, गाउँपालिका अध्यक्ष दोर्जे लामाले जानकारी दिए ।

"बालीमा अनुदान पाएपछि कृषकहरु अहिले कोदो, फापर र जुनेलो खेतीतर्फ आकर्षित भएको मकवानपुरगढी गाउँपालिका ३ का वडा अध्यक्ष भागवत घिमिरेले बताए । गाउपालिका, प्रदेश र संघीय सरकारले रैथाने बालीको प्रवद्धनका लागि अनुदान दिन थालेपछि रैथाने बालीको खेतीतर्फ पालिकाबासीहरु आकर्षित भएका हुन् ।

आर्थिक वर्ष २०७९/०८० मा मकवानपुर गढीमा ४ सय ५० हेक्टर जमिनमा कोदो खेती गरिएको थियो । गत आर्थिक वर्ष यो विस्तार भएर ५ सय हेक्टर जमिनमा कोदो खेती गरिएकोमा आर्थिक वर्ष २०८१/०८२ मा ७ सय ५० हेक्टरमा कोदो खेती भएको गाउँपालिकाका कृषि शाखाका प्रमुख गोपाल लम्सालले बताए । यसैगरी पछिल्लो आर्थिक वर्षमा ६० हेक्टर जमिनमा फापर खेती गरिएको छ भने ५५ हेक्टर मा जुनेलो खेती गरिएको छ ।

यसैगरी ६० हेक्टरमा फापर खेती, ३ सय हेक्टरमा तोरी खेती, ६५ हेक्टरमा लहरे तरकारी खेती, एक सय हेक्टरमा कोशे तरकारी खेती र १० हेक्टर जमिनमा कन्दमुल खेती गरिएको शाखा प्रमुख लम्सालले बताए । यस अनुसार कोदो १ हजार १३५ मेट्रिक टन, फापर ७८ मेट्रिकटन, तोरी ३९० मेट्रिकटन, लहरे तरकारी १ हजार ३०० मेट्रिकटन, कोशे तरकारी र कन्दमुल १५०/१५० मेट्रिकटन उत्पादन भएको छ ।

संघीय, प्रदेश सरकार तथा स्थानीय गाउँपालिकाले रैथाने बालीमा कोदो, फापर र जुनेलोको बजारीकरण गर्न ब्रान्डिङसहित बजार मा पिठो ल्याएको छ । त्यतिमात्र होइन, कोदो र फापरको खपत बढाउनका लागि स्कुलको दिवा खाजा कार्यक्रममा साताको एक दिन अर्थात् बिहीबार कोदो र फापरका परिकार खुवाउनुपर्ने नियमै बनाइएको छ । दिवा खाजा कार्यक्रममा कोदो र फापरका सेल, हलुवालगायत विभिन्न किसिमका परिकार बनाएर खान दिने गरिएको छ ।

यसैगरी भीमफेदी गाउपालिकाले गत आवदेखि कोदो खेती गर्ने किसानलाई प्रतिरोपनी ३ हजार ५ सय रूपैयाँ अनुदान दिने व्यवस्था गरेको थियो । "गाउँपालिकाले बजेटमा कोदो खेती गर्ने कृषकलाई अनुदान दिने व्यवस्था गर्ने बित्तिकै कोदो खेती गर्ने कृषकको संख्या बढेको छ" अध्यक्ष हिदम लामाका अनुसार गतवर्ष पनि झण्डै तीन हजार रोपनीमा कोदो रोपिएको थियो ।

अनुदानको व्यवस्था नहूदा गत आवमा एक हजार रोपनीमा पनि कोदो रोपिएको थिएन । अनुदान पाउने भएपछि कोदो खेतीतर्फ कृषक आकर्षित भएको स्थानीयहरू बताउँछन् । यो गाउपालिकाले कोदो खेतीको प्रवद्धन गर्न गत आवमा निम्ति ४० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

भीमफेदी मात्रै १ हजार ६० रोपनी जग्गामा दुई सय ६६ किसानले कोदो रोपेका र त्यसबाट एक सय मेट्रिक टन कोदो उत्पादन हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षमा २० लाख कोदो उत्पादन बढाउन गाउँपालिकाले अनुदानको व्यवस्था गरेको अध्यक्ष लामाले बताए ।

गतवर्ष अपेक्षाअनुसार मकै उत्पादन नभएकाले कोदोले त्यसको अभाव परिपूर्ति गर्ने कोदो खेती गर्दै आएका किसानहरू बताउँछन् । अनुदान पाएका किसान बाहेक गाउँपालिकाका अन्यले पनि कोदो खेती गर्दै आएका तथा भीमफेदीमा मात्र दुई हजार रोपनीभन्दा बढी क्षेत्रफलमा कोदो खेती भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

गाउँपालिकाको गत वर्ष आर्थिक विकास समितिको निर्णयअनुसार चालु आर्थिक वर्षका लागि कोदोको न्यूनतम समर्थन मूल्य प्रतिकेजी ५५ रूपैयाँ र फापर प्रति केजी १०० रूपैयाँ निर्धारण गरिएको छ ।

यसैगरी मकवानपुरगढी गाउपालिकाले कार्यक्रम स्वीकृत गरेर कृषि विकास कार्यक्रम तर्फ उत्पादनमा आधारित प्रोत्साहन अनुदान (रैथानेबाली) कार्यक्रम कार्यान्वयन गरेको छ । गाउँपालिकाको आर्थिक विकास समितिको निर्णयानुसार रैथानेबाली कोदो र धानकोदो तथा फापर र जुनेलोको मूल्य निर्धारण गरेको छ ।

नेपालबाट कतारलाई हात्ती उपहार

चितवन । चितवनबाट स्थलमार्ग हुँदै भैरहवा ल्याइएका खगेन्द्रप्रसाद र रूद्रकलीलाई बुधबार साँझ कतार लगिएको छ ।

चितवनको खोरसोरस्थित हात्ती प्रजनन केन्द्रमा जन्मिएका यी हात्ती कतार को अलखोर पार्कको वातानुकूलित चिडियाघरमा हुर्किनेछन् । दुवै हात्तीलाई सयपत्रीको माला र अबिर लगाएर बिदाइ गरिएको थियो । बुधबार साँझ साढे ५ बजे हात्ती लिएर कतार एयरवेजको कार्गो विमान भैरहवाबाट उडेको थियो ।

हात्ती हस्तान्तरणका लागि बुधबार विमानस्थलमा उपस्थित सरकारी अधिकारी र संरक्षणकर्मीले खगेन्द्र प्रसाद र रूद्रकलीको नयाँ घरमा सुखको बास होस् भनेर कामना गरे । 'आफूले पालेका जनावर उपहार दिँदा मुटु दुक्रिएजस्तो भएको छ,' वन मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले भने, 'छोरी अन्माएजस्तै भयो ।' दुवैको नयाँ घरको बास सुखद बनोस् र सन्तान वृद्धि होस् भनेर शुभकामना दिए ।

बिदाइ कार्यक्रममा सहभागीले कतारमा हात्तीको स्वास्थ्य सुधार र संख्या वृद्धि भएको हेर्ने धोको रहेको बताए । 'हात्ती दान नेपाल र कतारबीच गहकिलो सम्बन्धको प्रमाण पनि हो,' मिश्रले भने, 'मुलुकले पहिलोपटक हात्ती उपहार दिएको हो । हात्ती हुर्काउन योगदान गर्ने माहुतेदेखि कर्मचारी र चितवनका स्थानीयलाई धन्यवाद ।'

कतारमा वातानुकूलित वातावरण हुने



भएकाले हात्तीलाई 'स्ट्रेस' नहुने संरक्षणकर्मीले बताए । नेपालबाट जाने दुई माहुते र एक जना भेटेरीनरी प्राविधिकले एक महिनासम्म कतारमै बसेर हात्तीको स्याहार सुसार र रेखदेखबारे त्यहाँका नागरिकलाई सिकाउने छन् ।

परराष्ट्र मन्त्रालयका सहसचिव रामकाजी खड्काले सन् २०२४ अप्रिलमा कतारका अमिरको राजकीय नेपाल भ्रमणका क्रममा राष्ट्रपति रामचन्द्र पौडेलले हात्ती उपहार प्रदान गर्ने निर्णय गरेकामा अहिले त्यसको कार्यान्वयन गरिएको बताए ।

'अहिले हामी यहाँबाट बिदाइ गर्दैछौं,' उनले भने, 'बिहीबार कतारको राष्ट्रिय दिवसका दिन हात्तीले कतारी जमिन छुनेछन् ।' नेपालले सन् १९७७ जनवरी २१ बाट कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो । उक्त सम्बन्ध स्थापना भएको अर्को वर्ष ५० वर्ष पूरा हुँदैछ । 'कूटनीतिक सम्बन्ध ५० वर्ष पुग्ने बेला उपहारस्वरुप हात्ती प्रदान गरिएको छ,' उनले भने, 'यसले द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ बनाउनेछ ।'

निकुञ्ज विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलले बुधबार रातिबाट कतार खगेन्द्र र रूद्रकलीको नयाँ घर हुने बताए । हात्ती उपहार दिनुले नेपाल र कतारबीच हात्तीजस्तै बलियो सम्बन्ध रहेको प्रस्ट भएको उनले बताए ।

हात्ती हस्तान्तरण गर्नुपूर्व कतार मा रहेको चिडियाखाना पुगेर नेपाली प्राविधिक टोलीले अध्ययन गरेको थियो । उक्त टोलीले हात्ती राख्न सकिने रायसहितको प्रतिवेदन बुझाएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको परिधिमा रहेर हस्तान्तरण गरिएको पौडेलले बताए ।

'आफूले पालेका जनावर उपहार दिँदा मुटु दुक्रिएजस्तो भएको छ,' वन मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले भने, 'छोरी अन्माएजस्तै भयो ।' दुवैको नयाँ घरको बास सुखद बनोस् र सन्तान वृद्धि होस् भनेर शुभकामना दिए ।

उनका अनुसार ७ वर्षीया रूद्रकली सन् २०१८ मा जन्मिएको हो भने ६ वर्षको खगेन्द्र सन् २०१९ मा खोरखोर प्रजनन केन्द्रमा जन्मिएको थियो ।

विभागले जारी गरेको प्रेस विज्ञप्तिअनुसार कानुनबमोजिम साइटिस प्रमाणपत्र, स्वास्थ्यसम्बन्धी प्रमाणपत्र जारी गर्नेलगायतका आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेर दुवै हात्तीलाई कतारको दोहा पठाइएको उल्लेख छ ।

हात्ती हस्तान्तरण कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोषका निर्देशक चिरञ्जीवी पोखरेल, राष्ट्रपति चुरे संरक्षण कार्यालयका प्रमुख, प्रमुख जिल्ला अधिकारी, वन कार्यालयका प्रमुख, सुरक्षा प्रमुख र कतारी दूतावासका प्रतिनिधि सहभागी थिए ।

दीपेन्द्र बडुवाल/कान्तिपुरबाट साभार

अस्तव्यस्त हेटौंडा खै अदालतको ...

त्रिभुवन राजपथलाई पर्यटकीय राजमार्ग बनाउन प्रस्ताव

र स्थानीय व्यवसायीहरुसँग समन्वय गरेर सडक सफा गर्ने तथा सामग्रीहरु हटाउने काम भइरहेको छ ।

कतिपय घरधनीले आफैं व्यवस्थापन गरिरहनुभएको पनि छ । उहाँहरुलाई व्यवस्थापनको काममा सुरक्षा आवश्यक परेको खण्डमा प्रशासनले सुरक्षा उपलब्ध गराउने विषयमा छलफल भइरहेको छ ।'

कुनै पनि अप्रिय घटना हुन नदिन र सडकलाई छिटोभन्दा छिटो व्यवस्थित गर्न प्रशासनले स्थानीय तह र निजी क्षेत्रसँग समन्वयको कामलाई तीव्रता दिएको प्रशासनको दावी छ ।

मानवीय पक्ष हेरेर कारबाही गर्न सकेनौं: प्रवक्ता न्यौपाने

सडक विस्तारका क्रममा भत्किएका संरचना र सडक पेटीमा थुपारिएका 'स्क्यार्प' तथा निर्माण सामग्री हटाउने विषयमा हेटौंडा उपमहानगर पालिकाले पटक पटक सूचना जारी गरेको बताइएको छ । सूचना गर्दा गर्दै पनि व्यापारीहरुले अटेर गरेको तथा भत्किएको संरचना अघि नै व्यवसाय संचालन गर्दै गरेको हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता एवम् वडा नम्बर १ का अध्यक्ष सविन न्यौपानेले बताए ।

'व्यापारीहरुले स्थानीय प्रशासन र उपमहानगरको सूचनालाई अटेर गरेका छन् तर अहिलेको विषम परिस्थितिले गर्दा मानविय पक्षलाई हेरेर बल प्रयोग गरिएको छैन' उनले भने । स्टक क्लियरेन्सका लागि उपमहानगरले तयार गरेको बजार क्षेत्र प्रयोग गर्न आग्रह गरिरहेको र जोखिमपूर्ण व्यापार नगर्न माइकिङमार्फत सचेत गराइरहेको उनले बताए ।

कानुनत: सामान जफत गरेर सडक खाली गराउन सकिने भए पनि संयमता अपनाउनुको विकल्प नभएको प्रवक्ता न्यौपानेले बताए । सडक पेटीमा व्यापारीको सामान मात्र नभई अव्यवस्थित तारका कारण पनि पैदल यात्रीलाई समस्या भएको उनले बताए । प्रवक्ता न्यौपानेले टेलिफोन र इन्टरनेटका तारहरु लत्रिएर हिँड्नै नमिल्ने अवस्था रहेको बताए ।

उपमहानगरले अहिलेको अवस्थामा जोखिमपूर्ण ठाउँ क्लियर गर्न र शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासनसँग निरन्तर समन्वय गरिरहेको प्रवक्ता उनले जानकारी दिए ।

हेटौंडा उपमहानगरपालिकाले हेटौंडाको मुख्य बजार क्षेत्र भएर जाने त्रिभुवन राजपथलाई पर्यटकीय राजमार्ग बनाउन प्रस्ताव गरेको छ । त्रिभुवन राजपथ अन्तर्गत हेटौंडाको बुद्ध चोकबाट उत्तरतर्फको खण्डलाई पर्यटकीय राजमार्गको रूपमा विकास गर्न प्रस्ताव गरिएको हो ।

हेटौंडामा भएको जनप्रतिनिधि र सरोकारवालाहरूको भेलाले राष्ट्रिय राजमार्गको विकल्पमा पर्यटकीय राजमार्गको रूपमा विकास गर्न सरकार सँग माग गर्ने निष्कर्ष निकालेको छ ।

बुद्ध चोकबाट उत्तरतर्फको खण्डमा बस्ती विकास हुँदै गएको र उक्त मार्गमा सरकारको ठुलो लगानीको औचित्य र उपादेशता कम हुनुका साथै प्रतिफलसमेत कम दिने भएको पर्यटन मार्गको रूपमा विकास गर्न सरकारसँग माग गर्न स्थानीय समेत सहमत भएका हुन् ।

पर्यटकीय मार्गको रूपमा अगाडि बढाउन प्रस्ताव गर्दै उक्त सडक खण्डलाई सडक केन्द्रबाट दायाँबायाँ १६-१६ मिटर मात्र सडक सीमा निर्धारण गर्न सरकार सँग अनुरोध गर्ने गरी भेलामा सहमति भएको छ ।

सडक डिभिजन हेटौंडाले बुद्धचोकबाट सामरी पुलसम्म दायाँबायाँ २५-२५ गजको सडक सीमामित्रका घर टहरा हटाउन सूचना जारी गरी प्रक्रिया अगाडि बढाइएसँगै उक्त मार्ग भएर जाने वडा नम्बर १ र ३ का वडाध्यक्षसहित जनप्रतिनिधिहरू र स्थानीयको सहभागिता रहेको सो भेलामा सडक केन्द्र भागबाट दायाँबायाँ १६-१६ मिटर चौडा गर्न प्रभावितहरूले सहमति जनाएका छन् ।

हेटौंडा ३ नम्बर वडाध्यक्ष विष्णु गोपाल महर्जनले विकास नागरिकको लागि भएको र विनाशले मात्र समृद्धि हासिल गर्न नसकिने भन्दै हेटौंडाको बुद्धचोकबाट त्रिभुवन राजपथको उत्तरतर्फ सडक चौडाका नाममा ठुलो लगानी गर्नुको औचित्य पुष्टि हुने आधार नभएकोले सडक केन्द्रबाट १६-१६ मिटर चौडा गर्न उपयुक्त हुने सुझाव दिए ।

यस्तै हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता तथा वडा नम्बर १ का वडाध्यक्ष सविन न्यौपानेले द्रुतमार्ग बनिसकेपछि त्रिभुवन राजपथमा सवारी साधनको चाप घट्ने र हेटौंडाबाट उत्तरतर्फका पालिकाहरूको बस्तीबाट पलायन बढ्दै गएकोले बुद्धचोकबाट त्रिभुवन राजपथको उत्तरतर्फ सडक केन्द्रबाट १६-१६ मिटर चौडा गर्दा पर्याप्त हुने बताए ।


सडक केन्द्रबाट २५-२५ गज चौडा गर्दा सरकारको लगानीको अनुपातमा कम प्रतिफल प्राप्त हुने भन्दै मितव्ययिता र लाभ अनुपातका आधारमा सडक केन्द्रबाट १६-१६ मिटर चौडा उचित हुने भएकोले उपमहानगरपालिकाले समेत पर्यटन मार्गको अवधारणा अगाडि बढाउन संघीय सरकारसँग आग्रह गर्न प्रक्रिया अगाडि बढाएको उनले जानकारी दिए ।

पर्यटकीय मार्ग बनाउँदा नागरिकको भौतिक संरचनामा कम क्षति हुने र सरकारको लगानीका आधारमा उच्चतम प्रतिफलसमेत प्राप्त हुने उनले बताए । त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरीपुलसम्म करिब तीन किमि रहेको छ । यस खण्डमा सडक चौडाका क्रममा हेडम्बी हाइटसम्म सडक डिभिजनले डोजर चलाएको छ भने त्यसबाट उत्तर तर्फ स्थानीय आफैले घरटहरालगायतका संरचनाहरू हटाउने क्रम जारी छ । उपमहानगरपालिकाले त्रिभुवन राजपथलाई पर्यटकीय राजमार्गको रूपमा सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरेको छ ।

दाम्पत्य जीवनको उदाहरणीय जोडी

दाम्पत्य जीवन–दुई मनको ऐना हो जसले एक-अर्कामा आफ्नै उज्यालो देख्छ । तिमी र म होइन, "हाम्रो" बाट सुरु हुन्छ प्रेमको असल यात्रा, दुई जनाको साथ–एक जीवनको शक्ति,सम्झदारी सुगन्ध हो । यो नै प्रेमको आत्मा हो । जहाँ विश्वास बस्छ, त्यही घरमा दाम्पत्य फूल फुल्छ । सपना एउटै होस्, बाटो फरक भए पनि कदम मिलून्, दाम्पत्य–सम्बन्ध होइन, जीवनभर साथ दिने वाचा हो । दुइबीचको माया, घरको सबैभन्दा सुन्दर सजावट हो, शहरको आलिसशान बसाइमा हैन, विकट बस्तिमा दाम्पत्य जीवन सहज बनाउनेहरु केही उदाहरण हामीले यहाँ श्रृखलाबद्ध रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छौं ।

श्रृखला ३



दुर्गाको सद्भाव किरणको हिम्मत

दुर्गाको श्रीमान अहिले दुबइमा हुनुहुन्छ, १० वर्षको छोरा लिएर दुर्गा परिवार धानेर बस्नु भएको छ । श्रीमान् किरण राइ पहिले पनि कतारमा बस्नुभयो । आफूले काम गर्दै आएको कम्पनी खारेज भएपछि दुर्गाको श्रीमान् नेपाल फर्कनु भयो । त्यसपछि दुबइ जानु भएको हो । दुर्गाले भाडामा जग्गा लिएर तरकारी खेती गर्नुभएको छ । ९ कठ्ठा जग्गामा भाडामा लिएर तरकारी खेतीमार्फत आर्थिक उपार्जन गरिरहनु भएको छ । दुहुना गाई भैसी पाल्नु भएको छ । दुध बेचेर पनि राम्रो बचत हुन्छ ।

स्वास्थ्यमा समस्या भएपछि ३ वर्ष अघि आन्द्रमा अल्सर भएपछि कतारबाट फर्कनु भएको उहाँ उपचारपछि दुबइ जानु भएको हो । "अहिले फेरी जण्डिस भएपछि फर्कन लाग्नु भएको छ, अब उहाँ आउनु भएपछि फेरी भाडामा लिएर तरकारी खेती गर्नुपर्छ" दुर्गाले भन्नुभयो । दैनिक ज्यालामा लागेर ऋण तिर्न सकिदैन, वैदेशिक रोजगारबाट नियमित आम्दानीको बाटो हुन्छ, घर चलाउन र ऋण तिर्नको लागि सहज हुने उहाँ बताउनु हुन्छ ।

श्रीमान् विदेशमा जानु अघि पनि सबै काम हामीसँगै काम गर्दथ्यौ । समूहमा बसेर तालिमा लिएपछि घरको काम बाहिरको काम सबैसँगै काम गर्नुहुन्थ्यो । गाईभैसीको सरसफाई गर्ने दुध दुहुने बेच्ने गर्नुहुन्थ्यो ।

अहिले विदेशमा भए पनि हामी जतिबेला पनि सानासाना काम पनि सल्लाह हुन्छ । सामान्य सञ्चो विसन्चो थाहा हुन्छ, खाजा खाना खाएको समेत कुरा हुन्छन् । "श्रीमानले नै साथ दिनु भएको कारण मैले गाइभैसी पालेर, तरकारी खेती समेत म्याएको छु, सानो बाबु पनि छ, उसको रेखदेख गर्न सकेको छु" दुर्गा भन्नुहुन्छ, "श्रीमान घरमा हुँदा सबै घरायसी काम गर्नुहुन्छ, उहाँलाई महिलाले गर्ने काम भन्ने नै लाग्दैन।"

"सफलताको लागि सबैभन्दा ठुलो कुरा श्रीमान श्रीमतीबिचको मेला मिलाप नै हो, एकले अर्कोलाई साथ दिने, सल्लाह मान्ने भयो भने जस्तोसुकै समस्याबाट पनि हामीले पार पाउन सक्छौ" दुर्गाले भन्नुभयो ।



विभामायाको साहस रणबहादुरको साथ

विभामायाको श्रीमान वैदेशिक रोजगारको शिलशिलामा हाल कुवेतमा हुनुहुन्छ । सात मध्येकी जेठि छोरी परिवारको आर्थिक अवस्था कमजोर भएकोले विभावले प्राथमिकतह पछिको शिक्षा हासिल गर्न पाउनु भएन ।

१४ वर्षको उमेर विहे भएपछि उहाँको जीवनमा विभिन्न आरोह अवरोहहरू आए । तर, उहाँहरू दुबैले एक अर्कोलाई साथ दिएरै विस्तारै पार लगाउँदै आउनु भयो । "श्रीमान्को साथ नपाएको भए म आजसम्म बाँच्दैनथे होला" विभा भन्नुहुन्छ "हरेक पल उहाँले मोटिभेशन गर्नुहुने, सम्झाइ बुझाइ गरिरहनु हुने, त्यसैले मलाई बाँच्ने हौसला मिलेको हो ।"

पढ्ने उमेर विवाह गर्नुभएपछि उहाँको जीवन कष्टकर थियो । विहेको केही वर्षपछि रणबहादुरले सरकारी सेवा (नेपाल आर्मी) मा प्रवेश गर्नुभयो । विस्तारै जीवन सहज बन्दै थियो । संकटकालको बेलामा शारिरी चोट लागेपछि रणबहादुरले जागिर छाड्नु भयो ।

"हामी दुबै बच्चा जस्ता थियौ, के गर्ने, के निर्णय लिने सक्दैनथ्यौ, आर्थिक समस्या भएपछि उहाँ साउदी जानुभयो" विभा भन्नुहुन्छ । "ऋण गरेर श्रीमानलाई बाहिर पठाउनु भएपछि, झन् समस्या भयो । तर श्रीमानले सधै सम्झाउनु हुन्थ्यो ।" उहाँहरूले एक वर्षमा ऋण तिरेर सक्नुभयो ।

अर्को बर्ष केही जग्गा जोड्नु भयो । त्यसपछि श्रीमान् नेपाल फर्कने भएपछि विभाले दीगो आम्दानीको लागि पसल सुरू गर्नुभयो । "उहाँले विदेशमा बसेर दुख गर्दा पो नियमित पैसा पठाउनु हुन्थ्यो, जब नेपाल फर्कने कुरा भयो, त्यसपछि मैले आम्दानीलाई निरन्तरता दिने गरी पसल सुरू गरेँ" विभा भन्नुहुन्छ "मैले पसल खोल्ने बिचार उहाँलाई सुनाएँ उहाँले खुसी हुदै सहमति जनाउनु भयो, हामीले कुनै पनि काम वा निर्णय एक्लैले गर्दै गर्दैनौ, दुबैको साथसाथ निर्णयले नै सफल हुदै आएका हौ ।"

त्यसबीचमा गाडीमा गरिएको लगानी पनि सोचेजस्तो भएन । आर्थिक समस्या बढ्दै गएपछि रणबहादुर फेरी साउदी जानु भयो । "आर्थिक रूपमा सशक्त नहुँदा आफन्तिहरू समेत ढाढीने रहेछन्" विभा भन्नुहुन्छ "मलाई त्यो बेला बाँच्नै मन लाग्दैनथ्यो, कोही छैन आफन्त जस्तो हुन्थ्यो, तर श्रीमानले जतिबेला पनि मलाई सम्हाल्ने, साथ दिने गर्नुभयो ।"

मलाइ पहिले नै एकदमै सहयोग गर्नुहुने श्रीमान जोडी तालिममा सहभागी भएपछि अझै धेरै साथ सहयोग गर्ने गर्नुहुन्थ्यो । श्रीमानले लुगा धोएर सुकाउँदा नि अरूले कुरा काढ्दथे, तर श्रीमानले सधै साथ दिइरहनु भयो । "तनावमा बसेको देखेपछी समूहको काममा प्रेरित गर्ने, विभिन्न तालिम गोष्ठिहरूमा पठाउने गरेर मलाई फ्रेस राख्न कोशिस गर्नुहुने मेरो श्रीमान नै हो" विभा भन्नुहुन्छ ।

समूहमा गएर काम र योजनाको कुरा गर्न थालेपछि आफ्नो जीवन सहज बनाउनु भएको हो उहाँले । "अहिले बाहिर हुनुहुन्छ तर जति बेला पनि तनाव नलिउ भन्नुहुन्छ, आर्थिक कुरा विस्तारै सुधार हुदै जान्छ, सम्बन्ध टिकाउन पर्छ भन्नुहुन्छ" विभाले भन्नुभयो । अहिले विभाले श्रीमानको सल्लाह र सहमतिमा आर्थिक सवलिकरणको लागि बुंगुर हाँस पाल्नु भएको छ, तरकारी खेती पनि छ ।



गिमिता र दीलिपको मायालु सहकार्य

हाल मनहरी गाउँपालिका ७ को प्याङचेमा बस्नुहुने गिमिता प्रजाले १८ वर्षको उमेरमा विवाह गर्नुभएको हो । पढाइमा नलाग्नु भएकी गिमितालले दीलिपसँग प्रेम विवाह गर्नु भएको हो । उहाँका श्रीमान दीलिपले मने कक्षा ८ सम्म पढ्नु भएको छ । विवाहपछि गिमितालाई दीलिपले कहिल्यै एक्लो पार्नुभएन । "उहाँले बाहिरको काम म्याएर पनि घरको काममा एक्लो छु भन्ने आभाष मलाई कहिल्यै भएन" गिमिता भन्नुहुन्छ "घरको सबै काम गनु हुन्छ, महिलाले गर्ने काम र पुरूषले गर्ने काम भन्ने फरक हामीमा छैन ।"

३/३ वर्ष कुवेत र साउदी बसेर बसेर फर्कनु भएको दीलिप अहिले सवारी चालकको काम गर्नु हुन्छ । श्रीमान श्रीमती मिलेर घर चलाउनु र एक्ला एक्लौ घरमा नेतृत्व गर्न खोज्दाको फरकमा उहाँहरू उदाहरणीय जोडी हुनुहुन्छ । गिमितालाई हरेक काम र सल्लाहमा नेतृत्व गर्न सहयोग गर्नुहुन्छ दीलिपले घरको काममा समेत भरपुर समय दिनुहुन्छ ।

"छोरीको विवाहपछि नातिनी समेत मैसक्यो, उहाँले घरमा पहिले जस्तो सहयोग गर्नुहुन्थ्यो आज पनि उसैगरी सहायता गर्नुहुन्छ" गिमिताले भन्नुभयो "म पढेलेखेको छैन, तर पनि उहाँले मलाई धेरै विश्वास गरेर सबै कारोवार, घर व्यवस्थापनको काममा साथ दिनुहुन्छ ।"

गिमिताले अहिले बाख्रा, कुखुरा र हाँसहरू पनि पाल्नुभएको छ । दीलिपले घरबाहिरबाट आर्थिक जोहो गर्नुहुन्छ भने गिमिता घर खर्चमा सघाउनको लागि बाख्रा, कुखुरा, हाँस पालनबाट थप बल दिनुहुन्छ ।

"घुँडाको समस्याको कारण बाख्राको लागि घाँस काट्न सक्दिन, उहाँले नै घाँस काट्नुहुन्छ, बाख्राको खोरको सरसफाई उहाँले नै गर्नुहुन्छ गिमिता भन्नुहुन्छ । सवारी चालकको काम भन्ने बित्तिकै फुर्सद हुदैन, दीलिप एकै दिन ३/४ दिनलाई पुग्ने घाँसको जोहो गर्नुहुन्छ ।

बाख्रा, कुखुरा, हाँसको किनबेच, अन्य आम्दानीको व्यवस्थापन सबैका उहाँहरू दुबैको सल्लाह हुने गर्छन । श्रीमान "श्रीमतीलाई यस्तै जीवन साथी मनेको हैन नि जीवनमा आइपर्ने सबै काममा साथ दिनु पर्छ" दीलिप भन्नुहुन्छ "सबै काम सबैले गर्नुपर्छ ।"

घरको सरसफाइ, लुगा तथा भाँडा धुदा पनि उहाँहरू दुबैजना सँगै सँगै खट्नुहुन्छ । मकवानपुर महिला उत्थान समाजद्वारा गठन गरिएको समूहमा बसेर जोडी छलफलमा बसेपछि उहाँहरूबीच झनै सहकार्य बलियो भएको दीलिपले बताउँनु भयो । समूहमा रहेर हानिकारक अभ्यासका विरूद्धमा छलफल गरेपछि अरू साथीहरूलाई पनि सँझाइबुझाइ गर्न थालेका छन् दीलिपले ।

आमाको संस्कारमा अधिकारकर्मी सर्मिला



○ सहीखर संवाददाता

मकवानपुर। ७२ वर्षको उमेरमा निधन भएकी स्वर्गीय पुनमाया श्रेष्ठको किरिया उनका छोरीहरुले गरेर नेपाली समाजमा गहिरो रुपमा जरा गाडेको 'किरिया गर्न छोरा नै चाहिन्छ' भन्ने मान्यतालाई चुनौती दिएकी छिन् ।

मानवअधिकारकर्मी सर्मिला श्रेष्ठकी आमाको मृत्युपछि श्रेष्ठ हेटौंडा १० स्थित आमाको घरमा किरिया बसेकी छिन् । उनैले आमाको दागवत्ति दिएकी थिइन् । धार्मिक र सामाजिक परम्परालाई चुनौती दिंदै छोरी पनि छोरा सरह कर्तव्य निर्वाह गर्न सक्षम हुन्छन् भन्ने उदाहरण प्रस्तुत गरेका हुन्।

स्वर्गीय पुनमाया श्रेष्ठको मंसिर २४ गते निधन भएपछि जेठी छोरी शर्मिला श्रेष्ठले नै दाहसंस्कार गरेकी थिइन्। नेवारी रीतिअनुसार उनले नै जेठी छोरीको हैसियतमा दागवत्ती दिएकी थिइन्। नेवारी संस्कारअनुसार १० औं दिन नुहाएर कपडा फेर्ने र १३ औं दिन किरिया सम्पन्न गर्ने चलन रहेको छ।

पाँच सन्तानमध्ये जेठी छोरी शर्मिला श्रेष्ठ र रेशा श्रेष्ठ आमाको किरियामा बसेका छन्। शर्मिला श्रेष्ठ मानव अधिकारकर्मी तथा मानव अधिकार संगठन मकवानपुरकी अध्यक्ष हुन् भने नेपाली कांग्रेस मकवानपुर जिल्ला सदस्यसमेत हुन्। उनी विभिन्न संघ संस्थामा समेत सक्रिय रुपमा आबद्ध रहँदै आएकी छन्।

छोरा नहुँदा स्वर्गीय पुनमाया श्रेष्ठले जीवनभर सामाजिक, शारीरिक तथा मानसिक पीडा सहनुपरेको उनका छोरीहरु बताउँछन्। "छोरा नजन्माएको कारण आमाले भोग्नुपरेका यातनाहरु आज पनि सम्झँदा आँखामा आँसु आउँछ," शर्मिला श्रेष्ठ भन्छिन्। आमाले भोगेको पीडाले नै आफू मानव अधिकारको क्षेत्रमा लाग्न प्रेरित भएको उनको भनाइ छ। उनका अनुसार, बुवाको मृत्यु संस्कार समेत आमाले नै गरेकी थिइन्।

बरनेत नेपालको पहिलो महिला मुख्य न्यायधिवक्ता



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको मुख्य न्यायाधिक्तामा मकवानपुरकी अधिक्ता अप्सरा बरनेतको नाम सिफारिस गरिएको छ।

यो सँगै अधिक्ता बरनेत नेपालकै पहिलो महिला मुख्य न्यायाधिक्ता बन्ने भएकी छन्।

मंगलबार उनको नाम मुख्य न्यायाधिक्ताका लागि सिफारिस गरिएको हो। यसअघि दोलखा जिल्लाका अधिक्ता सुकदेव काफ्ले मुख्य न्यायाधिक्ताको जिम्मेवारीमा थिए।

काफ्लेले राजीनामा दिएपछि बरनेतको नाम सिफारिस गरिएको हो। जिल्ला बार एसोसिएसन मकवानपुरकी निवर्तमान अध्यक्ष अधिक्ता बरनेत एसोसिएसनको पहिलो महिला अध्यक्ष समेत हुन् । बरनेतलाई आइतबार औपचारिक रुपमा शपथग्रहण गराइने तयारी गरिएको बताइएको छ।

राजनीतिशास्त्रमा एल.एल.एम गरेकी बरनेत एल.एल.एम गर्दै गरेकी विद्यार्थी समेत हुन् ।

उनी २०७० सालदेखि कानून व्यवसायिको रूपमा वकालती पेशामा संलग्न छिन् ।

विशेष गरी महिलामैत्री कानून कार्यान्वयनको सवालमा बरनेतको सक्रियता देखिन्छ । उनले जिल्ला अदालतमा वैतनिक वकिलको रूपमा समेत काम गरिसकेकी छिन् । मकवानपुरकी स्थायी वासिन्दा अधिक्ता बरनेत जिल्लामा मानव अधिकार रक्षक अभियन्ताको रूपमा समेत प्रख्यात व्यक्तित्व हो । बरनेत बागमती प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जालको सदस्य समेत हुन् ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं
❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

मनहरी गाउँपालिका
मकवानपुर ।

चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।

जाडो तथा चिसोको समयमा:

❖ मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
❖ "बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
❖ चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं ।
❖ तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं ।
❖ ८शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
❖ घर तथा कोठा न्यानो बनाऔं।
❖ नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड